त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS
Accredited by University Grants Commission (UGC) Nepal 2020
5-521260
5-521611
5-522104
5-522809
पुल्चोक, ललितपुर ।
Pulchowk, Lalitpur

च.नं. ८६१/०८१/०८२

मिति: २०८१/०८/०५

# शिक्षक तथा कर्मचारीका छोराछोरीलाई प्रदान गरिने पूर्णशुल्कीय छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी सूचना

इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पसहरुमा स्थायी सेवामा कार्यरत शिक्षक तथा कर्मचारीहरुका छोराछोरीहरुलाई प्रदान गरिने **"पूर्णशुल्कीय छात्रवृत्ति-२०५६"** को लागि यस क्याम्पसमा शैक्षिक वर्ष २०८१ भर्ना समूह स्नातक (बी.ई./बी.आर्क) तहमा पूर्णशुल्कीय (Full Fee) तर्फ भर्ना भई हाल प्रथम वर्ष प्रथम खण्डमा अध्ययन गरिरहेका विद्यार्थीहरुका लागि आवेदन आह्वान गरिन्छ ।

इच्छुक आवेदकले यस क्याम्पसको वेवसाइटमा राखिएको ढाँचामा निवेदन फारम भरि आवश्यक कागजात सहित **मिति २०८१/०८/०५ देखि २०८१/०९/०५ गते साँझ ५:०० बजे** भित्र क्याम्पसको शैक्षिक प्रशासन शाखामा पेश गर्नुपर्नेछ । उक्त छात्रवृतिको फारम तोकेको म्याद भित्र भरेका विद्यार्थीहरु मध्येवाट **प्रथम वर्ष प्रथम खण्ड देखि अन्तिम वर्ष दोस्रो खण्डसम्म 'पूर्णशुल्किय छात्रवृति-२०५६'** प्रदान गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**आवेदन फारम साथ निम्न कागजात संलग्न हुनुपर्नेछ ।**

१) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
२) विद्यार्थीको परिचयपत्रको प्रतिलिपि ।
३) आवेदक/विद्यार्थीको बुवा/आमा इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पसहरुमा स्थायी सेवामा कार्यरत रहेको भनि हाल कार्यरत रहेको क्याम्पस कार्यालयबाट सेवाको विवरण खुलाईएको सिफारिस पत्र ।

सुदर्शन ब. रघुवंशी
सदस्य-सचिव
छात्रवृत्ति समिति

**बोधार्थ :**

- श्रीमान् डीनज्यू, इ.अ.सं., पुल्चोक ।
- श्रीमान् क्याम्पस प्रमुखज्यू, पुल्चोक क्याम्पस ।
- श्रीमान् सहायक क्याम्पस प्रमुखज्यू, (शैक्षिक), पुल्चोक क्याम्पस ।
- श्री आर्थिक प्रशासन शाखा, पुल्चोक क्याम्पस ।
- श्री विभागीय प्रमुखज्यू
  सिभिल/आर्किटेक्चर/इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स तथा कम्प्यूटर
  मेकानिकल तथा एरोस्पेश/एप्लाइड साइन्सेस एण्ड केमिकल इन्जिनियरिङ्ग विभाग पुल्चोक क्याम्पस ।
- श्री नयाँ/महिला छात्राबास, पुल्चोक क्याम्पस ।

फारम द.नं. ...............

मिति: २०८१।   ।

श्रीमान् क्याम्पस प्रमुखज्यू,
पुल्चोक क्याम्पस, पुल्चोक ।

## बिषय: "पूर्णशुल्कीय छात्रवृत्ति २०५६" को सुविधा सम्बन्धमा ।

इ.अ.सं. अन्तर्गतका आंगिक क्याम्पसहरुमा स्थायी सेवामा कार्यरत शिक्षक/कर्मचारीहरुको छोरा/छोरीले पाउने "पूर्णशुल्कीय छात्रवृत्ति-२०५६" को छात्रवृत्ति सुविधा पाउन आफूलाई योग्य ठानी निम्न अनुसारको विवरण खुलाई निवेदन पेश गरेको छु । मलाई उक्त सुविधा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

**विद्यार्थीको नाम थर : ....................................................फोन नं...........................**

**भर्ना वर्ष: ......................... कार्यक्रम: ....................... क्या.रोल नं..: .....................**

**वर्ष/खण्ड: .......................... कक्षा सञ्चालन भएको मिति: ..................................**

**आमा/बुवाको नाम/थर: ..........................................................................**

### कार्यरत कार्यालयको विवरण

| सेवाको तह | कार्यालय/शाखाको नाम | कार्य गरेको अवधि | | मिति | | | जम्मा वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | स्थायी | अस्थायी | करार | | |
| | | | | | | | | |

करारमा रही कार्य गरेको जम्मा वर्ष: ............. अस्थायी पदमा रही कार्य गरेको जम्मा वर्ष: ..........

स्थायी पदमा रही कार्य गरेको जम्मा वर्ष: ..........................

उपरोक्त व्यहोराको साथै आफ्नो अन्य सन्तानले उक्त सुविधा एकचोटि उपभोग गरेको/नगरेको कुरा अनुरोध गर्दछु ।

आमा/बुवाको दस्तखत: .....................

कार्यालय प्रमुखको दस्तखत: ....................

नाम: ..............................................

पद: ................................................

कार्यालयको छाप: